नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

जनकपुर भन्सार कार्यालय

जनकपुरधाम, धनुषा

फोन नं. M ०४१ - ५२०१६६
फ्याक्स M ०४१ - ५२०८५०
Email : janakpur.customs.gov.nP

सूचना प्रकाशित मिति २०८२/०४/२१

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा खुल्ला बोलकबोलद्वारा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा ईच्छुक व्यक्ती, फर्म तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना टाँस भएको मितिले १५ औ दिन २०८२/०५/०४ गते का दिन १३:०० बजे देखी १५.०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढावढ हुनेछ लिलाम लिन ईच्छुक फर्म/कम्पनिले अनिबार्य रुपमा आयकार, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तशुल्क लाग्ने मालबस्तुको हकमा कारोबार गर्न इजाजत पत्र र आ.ब २०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। डाँक बढावढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा संस्थाको कबोल रकम स्विकृत गरिने छ। कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालबस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर,अन्तशुल्क) रकम समेत भुक्तानी गरी मालबस्तु उठाई लैजानु पर्नेछ। तोकिएको म्यादभित्र मालबस्तु उठाई नलगेमा नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ। डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तत्काल जम्मा गर्नु पर्ने छ। डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ। यस सुचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ।

यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ।

| सि.नं | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | कायम मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।०४।१५ | ००३१ | नोकिया ३३१० मोडल बटमवाला मोबाईल १० पिस नोकिया २३५ मोडलको बटमवाला मोबाईल ३ पिस Pro ५ Mobile ५ पिस डिस्प्ले मोबाईलको २०० पिस | २१८००० |
| २ | २०८२।०४।१५ | ००३२ | साडी २० पिस गम्छा १८० पिस सुट सुट सुरुवाल ५० पिस लेडिज सेण्डो १५ पिस रुमाल २० पिस बेल्ट ३६ पिस लेडिज गन्जी ब्रा ४२ पिस | ७२४०० |
| ३ | २०८२।०४।१६ | ००३५ | साडी १७ पिस टाँक २ प्याकेट लिप ग्लस एण्ड लिबिष्टिक २४ वटा मेहन्दि ५ प्याकेट नेल पोलिस २ बट्टा लिक्विड सिन्दुर २ प्याकेट लेडिज माला (लकेट) ५ प्याकेट लेडिज माला (लकेट) ८ पिस लेडिज टप १० पिस लेडिज वाला २० पिस लेडिज चिम्टि ३० पिस | १६६५० |
| ४ | २०८२।०४।१८ | ००३६ | लेडिज कुर्था १११ पिस धोती साडी ३८२ पिस लेडिज कुर्था सुरुवाल थान कपडा कटन प्रिन्ट ४४० मि. सुती कपडा ४०० मि. सेण्डो शेरा गोल्ड ३६० पिस ब्लाउज कपडा ३०० पिस आचल सुती कपडा (Crape) २८० मि. गम्छा ३०० पिस सेरा अण्डर वेयर १८० पिस ब्लाउज कपडा १०४ मि. सिन्थेटिक साडी १३ पिस ब्लाउज कपडा पिस १२० कटन कपडा १४४ मि. साडी ५ पिस लेडिज कुर्था (गीता गोल्ड) ८ पिस सिल्क साडी ८ पिस पहेलो रातो कपडा १८० पिस आगमन साडी ४ पिस सादा धोती ३ पिस | ६२२२८० |
| ५ | २०८२।०४।१८ | ००३७ | टिसर्ट १३९ पिस धोती कुर्ता (सेट) २१२ पिस साडी ११ पिस कटन सुरुवाल कपडा ८० मि. म्याक्सी ४२ पिस बच्चाको भेष्ट कट्टु (सेट) १० जोर टिसर्ट (भेष्ट) १० पिस | २३०३०० |
| ६ | २०८२।०३।३० | ०७७९ | हाफ टिसर्ट ६० पिस टिसर्ट ४० पिस | १७००० |

प्रमुख भंसार अधिकृत